# बाँसगढी नगरपालिकाको स्थानीय राजपत्र

खण्ड:१ अंक २ प्रमाणीकरण :- २०७४।०५।२२

प्रकाशन मिति :- २०७४।०६।१८

भाग - १

बाँसगढी नगरपालिका

## बाँसगढी नगरपालिकाको आर्थिक ऐन २०७४

# बाँसगढी नगरपालिकाको आर्थिक ऐन,

**बाँसगढीनगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**कार्यपालिकाबाट पारित मिति : २०७४/०३/३१**

**नगरसभा बाट पारित मिति : २०७४/०५/१६**

**प्रस्तावनाः**बाँसगढीनगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम बाँसगढीनगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि बाँसगढीनगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२.सम्पति करः**नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३.भूमि कर (मालपोत):**नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४.घर वहाल करः**नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५.व्यवसाय करः**नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६.सवारी साधन करः**नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७.विज्ञापन करः**नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८.मनोरन्जन करः**नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९.बहाल बिटौरी करः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१०.पार्किङ शुल्कः**नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११.सेवा शुल्कः**नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२.दस्तुर** :घरनक्सादस्तुर लगायतका दस्तुरहरु अनुसूची(११) मा व्यवस्था भएअनुसारअसुल उपर गरिनेछ

**१३.कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१४.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।